# NEPALI

***(Three hours)***

*(Candidates are allowed additional 15 minutes for only reading the paper.*

*They must NOT start writing during this time.)*

---

*Answer questions **1, 2** and **3** in Section **A** and **four** other questions from Section **B** on **at least three** of the prescribed textbooks.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

---

**SECTION A**
**LANGUAGE - 50 Marks**

**Question 1**

Write a composition in approximately 400 words in Nepali on **any ONE** of the topics given below: **[20]**

निम्नलिखित विषयहरूमध्ये कुनै **एउटा** विषय छानेर नेपालीमा अन्दाजी ४०० शब्दहरूको लम्बाइमा रचना लेख्नुहोस् :-

(i) टेलिभिजनमा प्रतिभा प्रदर्शन कार्यक्रमले साधरण व्यक्तिलाई पनि आफ्नो प्रतिभा प्रदर्शन गर्ने एउटा मञ्च प्रदान गरेको छ । चर्चा गर्नुहोस् ।

(ii) आफ्नो जीवनमा प्रेरणा बनेको व्यक्तिको विषयमा वर्णन गर्नुहोस् अनि आफ्नो कस्तो जीवनमा त्यस प्रभावले कस्तो परिवर्तन ल्यायो । व्यक्त गर्नुहोस् ।

(iii) 'सफलता कठोर परिश्रममा होइन, मौकामा निर्भर गर्छ ।'

(iv) वृद्धावस्थाको आनन्द अनि चिन्ता ।

(v) अन्धविश्वास ।

(vi) निम्नलिखित कुनै **एक** विषयमा मौलिक छोटो कथा लेख्नुहोस् :-

(a) सौतेनी आमा

(b) अन्तिम इच्छा

---



© *Copyright reserved.*

**Question 2**

Read the passage given below carefully and answer in Nepali the questions that follow, using your own words:

निम्न अवतरणलाई ध्यानपूर्वक पढ्नुहोस् अनि त्यसपछि दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस्। उत्तरहरूमा यथाशक्ति आफ्नै शब्दहरू प्रयोग गर्नुहोस् :-

विद्यार्थी-जीवन मनुष्य-जीवनको सबैभन्दा उत्तम, आनन्दमय र महत्वपूर्ण अवस्था हो । विद्यार्थी जीवन कतिपय कारणहरूले गर्दा ईर्ष्या गर्नलायकको जीवन मानिन्छ । प्रौढ़को दृष्टिले हेर्दा विद्यार्थी जीवन व्यवहारिक जीवनका समस्याहरूबाट मुक्त स्वतन्त्र जीवन हो । व्यवहारिक जीवनको उत्तरदायित्वरहित जीवन भएको हुनाले नै मानिसहरू 'विद्यार्थी-जीवन सुनौलो जीवन हो ।' भन्ने गर्छन् ।

विद्यार्थी जीवन मनुष्यको महत्वपूर्ण अंश हो । यही जीवनमै भावी जीवनको आधारको निर्माण गरिन्छ । विद्यार्थी जीवनमा निर्माण गरेको आधार दरिलो भए भावी जीवन सुखमय र गौरवपूर्ण बन्नेछ। विद्यार्थी जीवनमा बालक-बालिकाहरूले नौला-नौला आदतहरू सिक्छन् । यी आदतहरू केही असल हुन्छन् अनि केही निम्न । असल आदत अपनाउनेहरू उन्नतिको मार्गमा अग्रसर भएर जीवन सपार्छन् अनि निम्न आदत अपनाउनेहरू भ्रष्टाचारतिर अग्रसर भएर जीवन बरबाद गर्छन् ।

उहिलेका विद्यार्थीहरूको जीवन कठोर थियो । विद्यार्थीहरूले गुरूकूलमा प्रवेश गरेर गुरूको सेवा-सत्कार गर्दै गुरूको आज्ञा पालन गरी शिक्षा प्राप्त गर्नुपर्थ्यो । शिक्षा साथै चरित्र-गठनमा त्यसबेला खूबै ध्यान दिइन्थ्यो । तर आज यी सब छैनन् । आज विद्यार्थीहरू गुरूकूलमा प्रवेश नगरी विद्यालयतिर नै शिक्षा पाउँछन् । दैनिक पाँच-छः घण्टा विद्यालयमा गुरूहरूको संसर्गमा रहिरहेको समय बाहेक गुरूको नजरदेखि टाढ़ा रहने हुनाले आजका विद्यार्थीहरूको चरित्र निर्माणमा गुरूजनको महत्वपूर्ण हात रहँदैन। त्यसैले आजका विद्यार्थीहरूमा उच्छृङ्खलता र आडम्बरको मात्रा बढ्दै गइरहेको छ । आजका विद्यार्थीहरूमा अनुशासनहीनताको मात्रा बढ़ेका मुख्य कारणहरूमध्ये, एक, यो पनि हो । प्राचीन संस्कृत भनाइअनुसार विद्यार्थीको मुख्य कर्त्तव्य विद्याध्ययन हो । विद्याध्ययनबाहेक विद्यार्थीको अरू केही काम हुँदैन । तर आज उक्त भनाइ युक्तिसंगत ठहरिन आउँदैन, किनभने आजको समय उहिलेको समय झैं छैन । आज उहिले झैं मानिसको जीवन सरल, शान्त र विश्रामपूर्ण छैन- त्यसको विपरीत आज मानिसको जीवन कठीन र व्यस्त बनेको छ । यस्तो स्थितिमा केवल विद्याध्ययनमै लागिरहने विद्यार्थीले सफल जीवन यापन गर्न सक्ने छैन । आधुनिक व्यस्त जमानामा विद्याध्ययनको साथसाथै अरू व्यावहारिक ज्ञान प्राप्त

गर्नेहरूले मात्र सफलतापूर्वक जीवन निर्वाह गर्न सक्छन् । तर व्यवहारिक ज्ञान प्राप्तिमा मात्र ध्यान दिएर विद्याध्ययनमा ध्यान नदिनेहरू पनि, विद्याध्ययनमा मात्र ध्यान दिनेहरू झैं, जीवन सफल तुल्याउन सक्दैनन् । सामाजिक समस्याहरूप्रति सचेत रहेर त्यसमा मन-प्राण अर्पनु विद्यार्थीको कर्त्तव्य होइन ।

(i) 'विद्यार्थी-जीवन सुनौलो हो ।' विद्यार्थी-जीवनलाई किन त्यसो भनिएको हो ? **[4]**

(ii) असल आदत अनि निम्न आदत अपनाउनेहरूमा कस्तो अन्तर हुनसक्छ ? **[4]**

(iii) उहिलेका विद्यार्थीहरूको जीवन किन कठीन हुन्थ्यो ? **[4]**

(iv) प्राचीन संस्कृत भनाइअनुसार विद्यार्थीको मुख्य कर्त्तव्य आफ्नो विद्याध्ययन हो ।
यो भनाइ हिज-आज किन युक्तिसंगत ठहरिँदैन ? **[4]**

(v) किन सामाजिक समस्याहरूप्रति मन-प्राण दिनु विद्यार्थीहरूको कर्त्तव्य होइन ? **[4]**

**Question 3**

(a) Correct and rewrite the five sentences given below: **[5]**

तलका **पाँचवटा** वाक्यहरूलाई शुद्ध गरेर लेख्नुहोस् ।

(i) मेरो साथीहरू घुम्न सिक्किम गाको छ ।

(ii) सविता मेरो ठूलो दिदी हो ।

(iii) प्रशान्तको बहिनी अहिलेसम्म स्कूलबाट घर फर्केको छैन ।

(iv) तिनीहरू साह्रै बदमास छ ।

(v) यो किताबहरू कसको हो ?

(b) Write the antonyms of any five words given below: **[5]**

कुनै पाँचवटा शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् ।

आदर, पानी, दुर्गम, आदि, साँचो, प्रेम, उत्तम, आकाश ।

## SECTION B
## PRESCRIBED TEXTBOOKS - 50 Marks

*Answer **four** questions from this Section on at least **three** of the prescribed textbooks.*

### गद्य कुञ्ज
### (Gadya Kunj)

**Question 4**

निम्न अवतरित गद्यांश पढ़ेर त्यसपछि सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् :-

''ओहो चखेवा चखेवीको जोड़ा जस्तै अघि अघि दुलही पछि पछि दुलहा कति राम्रो स्वाएको । गौंथलीले मुसुक्क हाँसेर भनी - ''भो नहाँस दिदी, फेरि कुन दिन कटाछे पर्ने हो ?''

(i) उपर्युक्त गद्यांशमा कसले कसलाई दुलहा र दुलही भनेका हुन् ? [1½]

(ii) कसलाई किन चखेवा चखेवीको जोड़ासँग तुलना गरिएको हो ? [3]

(iii) 'फेरि कुन दिन कटाछे पर्ने हो ।' यो कुरा कसले कसलाई कुन प्रसंगमा भनेको हो ? [3]

(iv) यस कथाको शीर्षक लेख्नुहोस् अनि यसबाट कथाकारले के व्यक्त गरेका छन्? स्पष्ट पार्नुहोस् । [5]

**Question 5**

निम्नलिखित कुनै **एक** कथालाई छोटकारीमा लेख्नुहोस् :- [12½]

(i) ज्यानमारा ।

(ii) टोटोलाको फूल ।

**Question 6**

'मलाई अब पनि बिहा हेर्ने रहर लाग्दैन ।' भनेर कसले कुन बिहे हेरेपछि किन अरू बिहे हेर्ने रहर नभएको कुरा व्यक्त गरेका हुन् ? खुलस्त पारेर लेख्नुहोस् । [12½]

# कविता कुञ्ज
## (Kavita Kunj)

**Question 7**

निम्न अवतरित पद्यांश पढ़ेर त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :-

चालिस् वर्ष भयाँ म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको ।
आयो काल् व्रतबन्धको गरूँ कसो बेला त हो हर्षको ।
क्यारूँ नाथ मता पऱ्याँ फिजिति एक्लो यहाँ छु फगत् ।
कुन पाठ्ले व्रतबन्ध पार् गरूँ भनी देख्छु अँध्यारो जगत् ।

(i) उपर्युक्त पद्यांश कसको कुन कविताबाट उद्धृत गरिएको हो ? **[1½]**

(ii) यस कविता कविले कति वर्षको उमेरमा अनि कहाँ लेखेका हुन् ? **[3]**

(iii) के कारण कविले जगतै अँध्यारो देखेका हुन् ? **[3]**

(iv) उक्त पद्यांशको भावलाई सरल भाषामा लेख्नुहोस् । **[5]**

**Question 8**

निम्नलिखित कुनै **एक** कविताको सारांश लेख्नुहोस् :- **[12½]**

(i) सुख–दुःख ।

(ii) नचिनिने भएछौ ।

**Question 9**

जीवन चंगा कविताका कवि को हुन्, यस कविताबाट कविले के व्यक्त गरेका छन् ? **[12½]**

प्रस्तुत गर्नुहोस् अनि *"जति दिन यो उड़ने हो उति दिन उड़न्यैछ बीचमा नअड़ी ।*
*तर त्यो देखिनु परने अदभुत चंगा उड़ाउने लहरी ।*
*जय जगदीश्वर! देखें विश्वव्यापी प्रकाश त्यो खास ।*
*सुक्ष्म लटाई-भित्रै रहेछ प्रभुको निवास वा भास ।।"*

-को भावलाई पनि सरल रूपमा व्यक्त गर्नुहोस् ।

---

# जुनेली रेखा

**(Juneli Rekha)**

**Question 10**

जसेले पनि सरदारलाई समर्थन गर्‍यो- 'बाजे तिमीले भनेको कुरा ठीकै हो । मेरो भलाइ गर्दा तिम्रो खति हुन बेर छैन । यो बाटो हिँड्नेले मलाई देख्लान् । अनि गएर साहेबलाई सुनाउलान् । म ता डुबें डुबें, तिमी पनि मो जाबोकै लागि किन नासिनु ? होस् बजारतिरै लाग्नु पर्‍यो । गरिखाने केही उपाय निस्केला ।

(i) जसे कहाँबाट किन यहाँ आएको हो ? **[1½]**

(ii) कसको कुन कुरोलाई कसले ठीकै हो भनेको हो ? **[3]**

(iii) कसले कसलाई कस्तो भलाइ गर्न चाहन्थ्यो ? **[3]**

(iv) के कारण कसले कसलाई कहाँ नबसेर कहाँ जाने इच्छा प्रकट गर्‍यो । **[5]**

**Question 11**

हट्टा बाहिर भन्नाले के बुझिन्छ, कुन समय के गर्दा हट्टा बाहिर गरिने चलन थियो, कसले कसलाई को हट्टा बाहिर भएको कुरा किन सुनाएका हुन् ? आदि विषय चर्चा गर्नुहोस् । **[12½]**

**Question 12**

मालिनी को हो, कस्तो शंकाको कारण केको निम्ति साहेबले उसलाई हाजिर गराऊ भन्ने हुकुम गरेका हुन् अनि मालिनीलाई देख्ने बित्तिकै साहेबले किन केको निम्ति हुन्छ भनेका हुन् ? आदि विषय चर्चा गर्नुहोस् । **[12½]**

## अनि देवराली रून्छ

**(Ani Dewrali Runcha)**

**Question 13**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् ।

**अम्बर** – तपाईंको आँगन अहिले नै यति सुनसान भएको छैन जसमा तपाईंले यत्रो विघ्न पीर मान्न परोस् । आखिरी जुना त यहीं छे – (**जुना शब्द रणधोजको कलेजामा तीर झैं भासिन्छ)** साँची, जुना कहाँ छे, बुवा ? अघि मैयालाई अन्माउने बेलामा पनि देखिनँ । राती ता केटाकेटीहरूसँग संगिनी खेल्दै थिई क्यार । पम्फा बहिनीलाई सोधें कि, उ चाहिँ ठट्टा मात्रै गरिबस्छे ।

(i) उपर्युक्त संवाद कहाँ, कस कसमाझ भइरहेछ ? **[1½]**

(ii) जुना को हो ? जुना र वक्तामाझ कस्तो सम्बन्ध छ ? **[3]**

(iii) त्यस स्थानमा सुनसान हुनु र नहुनुको प्रसंग किन आइरहेछ ? **[3]**

(iv) वास्तवमा जुना कहाँ गएकी छ ? स्पष्ट गर्नुहोस् । **[5]**

**Question 14**

"रणधोज को हो ? उसले छोरीलाई अँगाल्दै बाबु यो कलियुग हो । यसकारण यो कलियुगमा धनीहरू इस्सोरभन्दा ठूला हुन्छन् । एक दिन जब यी गाउँहरू शहर भइसक्छन् त्यसपछि मात्र हामी गरीबहरूको दिन फिर्ने छ बाबु ।" भनेकोबाट उसको कस्तो परिस्थितिको बोध हुन्छ वर्णन गर्नुहोस् । **[12½]**

**Question 15**

अम्बर र बहादुरेको संक्षिप्त परिचय दिनुहोस् अनि त्यस बेलाको सामाजिक चलनको आधारमा बहादुरेले अम्बरलाई काट्न गएको कारण र त्यस घटना विषय संक्षिप्त वर्णन गर्नुहोस् । **[12½]**

---